नगरसभा बाट स्वीकृतः मिति २०८२ असार ९ गते सोमवार

# आ.व. २०८२।८३ को

# बजेट वक्तव्य

मङ्गलसेन नगरपालिका

२०८२ असार ९

२०८२।३।९

पदम बहादुर बोहरा

नगर प्रमुख

मङ्गलसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

नगरसभाका अध्यक्षज्यू,

१. मंगलसेन नगरपालिकाको सातौं अधिवेशनको गरीमामय बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक एवम् नगरसभाका उपाध्यक्ष हैसियतले आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

२. मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रुपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनको क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै, राजनैतिक आन्दोलनका क्रममा बेपत्ता, घाइते र अपाङ्ग भएका नागरीकहरू प्रति उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण देशभक्त नागरीकले राष्ट्र निर्माणमा पुर्याउनु भएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु ।

३. आगामी बजेट नगरको समृद्धी, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । सम्पूर्ण नगरवासी जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा पछाडि परेका वर्ग, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेकी छु ।

४. बजेट निर्माण गर्दा नेपालको संविधान, संघ तथा प्रदेशको नीति तथा कार्यक्रम, नगर विकास योजना, २०७९।८०-२०८४।८५, मध्यमकालिन खर्च संरचना, दिगो विकास लक्ष्य, महालेखा परीक्षकको वार्षिक प्रतिवेदनबाट प्राप्त सुझाव, लैङ्गिक उत्तदायी बजेट तर्जुमा दिग्दर्शन, स्थानीय तहसंस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) र यस पालिकाको नीति तथा कार्यक्रम उपर छलफल भएका सुझावलाई मार्गदर्शनको रुपमा लिएकी छु। साथै राजनीतिक दल, संघ संस्था, विद्धतवर्ग, आम नागरीक, नागरीक समाज, निजी क्षेत्र, सञ्चार जगत लगायत सबैबाट प्राप्त सुझावलाई समेत आधार बनाएकी छु।

५. आगामी आर्थिक वर्षको बजेट जनअपेक्षा अनुसार कार्यान्वयन गर्न नगरपालिका संग सम्बन्धित सबै राजनीतिक दल, सरकारी तथा गैर सरकारी क्षेत्र, शिक्षक, बुद्धिजिवी, सरोकारवालाहरु र आम नगरवासीहरुको साथ सहयोग र सहकार्यका लागि आव्हान गर्दछु ।

सभाअध्यक्ष ज्यू,

अब म, चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

६. आर्थिक वर्ष २०८१।८२ मा कुल आय अनुमान ६१ करोड ३ लाख ५५ हजार रहेकोमा संघ तथा प्रदेश सरकारबाट प्राप्त ससर्त थप बजेट सहित वर्षको अन्त सम्म संशोधित अनुमान ६४ करोड ११ लाख ७० हजार ६०७ रुपैया र पैसा ६२ रहेको छ।

७. आर्थिक वर्ष २०८१।८२ मा संघीय सरकारबाट समानीकरण अनुदान मार्फत ९ करोड ७० लाख ८२ हजार ८० रुपैयाँ (९१.७६ प्रतिशत आम्दानी रहेको), राजस्व बाँडफाँड (मुल्य अभिवृद्धि कर, अन्तःशुल्क र रोयल्टी बापत) ८ करोड ६२ लाख ९ हजार ८८ रुपैया(७१.६७ प्रतिशत आम्दानी रहेको), प्रदेश सरकारबाट समानीकरण अनुदान ९४ लाख ३० हजार (१०० प्रतिशत आम्दानी रहेको), सवारी साधन कर ५७ लाख ५९ हजार ७ सय ९७ रुपैंया (९१.७६ प्रतिशत आम्दानी रहेको) गरी कुल १९ करोड ८४ लाख ८० हजार ९६६ रुपैंया प्राप्त भएको छ ।आन्तरिक राजस्व परिचालन तर्फ ८८ लाख ५४ हजार ७७८ रुपैयाँ संकलन भएको छ । बैंक मौज्दाज अ.ल्या. ३ करोड ४ लाख ६०३ रुपैयाँ सहित कुल आम्दानी २३ करोड ७७ लाख ३६ हजार ३४८ रुपैंया प्राप्त भएको छ ।

८. संघीय ससर्त अनुदान रु. ३१ करोड २२लाख ८८ हजार, संघीय समपूरक अनुदान रु.४० लाख ५६ हजार ५०० रुपैयाँ, र प्रदेश ससर्त अनुदान रु. १

पदम बहादुर बोहरा
नगर प्रमुख

करोड २५ लाख ५०० रुपैयाँ, प्रदेश विशेष अनुदान रु.५ लाख प्राप्त भएको छ ।

९. विविध खर्च खाता तर्फ सि.एम.सि. नेपालबाट रु १४ लाख २३ हजार ८ सय ३२ रुपैयाँ, साथि संस्थाबाट रु १० लाख ९ हजार ८ सय ८ रुपैयाँ र सडक पूर्वाधार मर्मत सम्भारको लागि सडक बोर्ड नेपालबाट रु.१५ लाख प्राप्त भएको छ ।

१०. आर्थिक वर्ष २०८१।८२ को हाल सम्म चालु तर्फ रु. ४८ करोड ६२ लाख ४३ हजार ६०७ रुपैयाँ रहेकोमा ३४ करोड ७७ लाख १४ हजार ९८६ रुपैयाँ (७१.५१ प्रतिशत) र पूँजिगत तर्फ रु. १५ करोड ४९ लाख २७ हजार रहेकोमा ७ करोड ६२ लाख ५२ हजार ३१४ (४९.२२ प्रतिशत) गरी कुल ६४ करोड ११ लाख ७० हजार ६०७ रुपैयाँ मध्ये रु. ४२ करोड ३९ लाख ६७ हजार ३०१ रुपैयाँ खर्च भइ ६६.१२ प्रतिशत वित्तीय प्रगति हाँसिल भएको छ । विविध खर्च खाता तर्फ सि.एम.सि. नेपालबाट रु १४ लाख २३ हजार ८ सय ३२ रुपैयाँ र साथि संस्थाबाट रु १० लाख ९ हजार ८ सय ८ रुपैयाँ प्राप्त भइ सबै रकम खर्च भइसकेको साथै सडक पूर्वाधार मर्मत सम्भारको लागि सडक बोर्ड नेपालबाट रु.१५ लाख प्राप्त भएकोमा हाल सम्म रु.३ लाख ३६ हजार खर्च भएको छ ।

११. संस्थागत विकास तर्फ हाल सम्म नगरपालिकामा ऐन २० वटा, नियमावली १२ वटा र कार्यविधि, मापदण्ड र निर्देशिका गरी ७० वटा ऐन कानूनहरु निर्माण गरीनुका साथै नगर विकास योजना, २०७९।८०-२०८४।८५, भू-उपयोग योजना, २०७९, राजस्व सुधार कार्ययोजना, २०७९, संक्षिप्त पार्श्वचित्र २०८१ तयार भइसकेको र आन्तरिक नियन्त्रण प्रणाली २०८२ निर्माणको क्रममा रहेको छ ।आ.व.२०८०।८१ को स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन(LISA) को प्राप्ताङ्क ७६, स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) को प्राप्ताङ्क ७२ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनको प्राप्ताङ्क ६७ प्रतिशत उपलब्धि

पदम बहादुर बोहरा
नगर प्रमुख

भइ वित्तीय समानीकरण अनुदानमा गत वर्ष भन्दा ११ लाख थप अनुदान प्राप्त भएको छ । आर्थिक वर्ष २०८०।८१ को अन्तिम लेखा परीक्षण भइ नगरपालिकाको बेरुजुको स्थिति ०.६७ प्रतिशत देखिनुले वित्तीय सुशासन उन्मुख भएको देखिन्छ ।

१२. विद्युतीय शासनलाई जोड दिँदै नगरपालिकाको कार्यालय, सबै वडा कार्यालय, सबै स्वास्थ्य संस्थामा इन्टरनेट तथा विद्युतीय हाजिरी जडान, अनलाईन घटना दर्ता र सिफारिस समेतलाई प्रविधिमैत्री बनाई सेवा प्रवाह गुणस्तरीय, छिटो, छरितो र प्रभावकारी भएको, विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा रहदा कार्यालयमा दैनीक हुने सेवाग्राहिको भिडभाड न्यूनीकरण, अन्तर बैंक भुक्तानीमा सहजताका साथै सेवाग्राहीलाई बैंकिङ सेवामा आबद्ध गर्न सहज भएको छ। राजस्व संकलन कार्यलाई SuTRA प्रणालीमा आबद्ध गरीएको छ ।

१३. नगरपालिकामा सामुदायीक सूचना केन्द्र संचालन, डिजिटल सूचना बोर्ड कार्यान्वयन र सेवाग्राहीको दैनीक अभिलेख राख्ने तथा सेवा सन्तुष्टी/बहिर्गमन फारम मार्फत सेवाको सर्वेक्षण गरी थप सुधार गर्न टेवा पुगेको छ ।

१४. २ वटा (वडा नं. १२ र १३) स्वास्थ्य चौकी भवन, थप २ वटा वडा कार्यालयहरु वडा नं.१ र वडा नं.१४ निर्माण भइ हस्तान्तरणको क्रममा रहेको छ । एक घर एक धारा कार्यक्रम अन्तर्गत खानेपानी तथा सरसफाई गुरुयोजना २०८० तयार गरी थप ३०६ धारा, सिचाईको व्यवस्थापन गर्दै थप ३ वटा सिचाँई पोखरी र १८ मिटर सिचाँई कुलो निर्माणको क्रममा रहेकोछ । नगरपालिकामा १३ कि.मि. सडक नयाँ ट्रयाक खोल्ने काम भएको छ, ५०.५० कि.मि. सडक मर्मत र ८०० मिटर DBST र RCC Slabs सडक निर्माण, २०.३७ कि.मि. नयाँ ट्रयाक विस्तार भइ हास सम्म कूल सडक लम्बाई ३८०.११ कि.मि. पुगेको छ ।

१५. ग्रामिण भिडियो एक्सरे सेवालाई थप प्रभावकारी बनाउने नीतिलाई कार्यान्वयन गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट नगरपालिकाले थप १ थान भिडियो एक्सरे मेशिन प्राप्त गरी सञ्चालनमा ल्याइ १२० जना गर्भवति महिलालाई सेवा

प्रदान गरीएकोमा १८ जना जटिलतायुक्त गर्भवती पहिचान गरी प्रेषण गरीएको छ। नगर प्रमुखसंग जेष्ठ नागरीक कार्यक्रम अन्तर्गत चिकित्सकिय स्वास्थ्य सेवा उपभोग गर्नबाट बन्चित रहने वडा नं १३ का नागरीकलाई एकिकृत स्वास्थ्य शिविर संचालन गरी २५० जना नागरीकले सेवा लिएका जसमध्ये ५८ जना महिलाको पाठेघरको मुखको क्यान्सर चेकजाँच, ८ जना गर्भवति महिलाको भिडीयो एक्सरे र १३८ जनाको आँखा जाचँ गरी २२ जनालाई मोतिबिन्दु को सल्यक्रियाको लागि रेफर गरीएको छ ।यस आ व मा नगरपालिकाका वडा नं ४, १२, र १४ मा पाठेघरको मुखको क्यान्सर र प्रजनन रुग्णता घुम्ति शिविर संचालन गरी जम्मा ८० जनालाई सेवा दिएकोमा २ जना सम्भावित क्यान्सरको जोखिम भएका महिलालाई प्रेषण गरीएको छ । जुपु स्वास्थ्य चौकी र नवविस आधारभूत स्वास्थ्य सेवा केन्द्रमा सम्पूर्ण सेवालाई Digitalization गरीएको छ ।१६१० जना किशोरीलाई HPV खोप प्रदान गरीएको, क्षयरोग खोजपड्ताल कार्यक्रम सञ्चालन गरी १ जना क्षयरोगी पत्ता लगाइ उपचार गरीएको, मातृ मृत्युदर नवजातशिशु मृत्युदर शुन्य रहेको, समग्र स्वास्थ सूचकहरुको मूल्यांकनमा जिल्लाभरमा आठौं स्थानबाट चौथो स्थान प्राप्त गर्न सफल भएको छ।पूर्णखोप वडा तथा पालिका घोषणा गरीएको, जनालीवण्डाली स्वास्थ्य चौकीलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा गरीएको, यस नगरपालिकाका विभिन्न वडा बाट जटिल अवस्थाका गर्भवति तथा सुत्केरी १४ जनालाई यातायात रकम प्रदान गरीएको छ ।

१६. आर्थिक वर्ष २०८०।८१ मा नगरपालकाका २६२ जनाले पूर्ण खोप पाएका छन भने ४१८ जना महिलालाई संस्थागत सुत्केरी सेवा प्रदान गरीएको छ, १८१ जनाले चार पटक गर्भ जाँच सेवा लिएका छन् । चालु आ.व. मा नगरक्षेत्र भित्र मातृ मृत्यु तथा बाल मृत्यु शुन्य रहेको छ । यो वर्ष नगरपालिकाका को परिवार नियोजनका साधनको प्रयोग दर ३५ प्रतिशत रहेको छ ।यो वर्ष करिब पैतिस हजार जनालाई नगरपालिकाका विभिन्न स्वास्थ्य संस्थाबाट बिभिन्न रोगको उपचार सेवा प्रदान गरीएको [illegible] वर्ष भरि नेपाल

पदम बहादुर [illegible]
नगर प्रमुख

सरकारले उपलब्ध गराउनुपर्ने सूचिका ९८ प्रकारका औषधिको नियमित आपूर्ति गरीएको छ ।

१७. विद्यालयमा जान छाडेका वा नगएका विद्यार्थीहरुले तालिम पश्चात १ जना विद्यालय भर्ना भएका छन, १९ जना बालबालिका बाल संरक्षणमा पुर्नस्थापना पढ्न लेख्न पाएका छन । हाल सम्म मंगलसेन नगरपालिकाका २०६ जना अपाङ्गता भएको व्यक्तिलाई परिचय प्रत्र वितरण, अपाङ्गता भएको व्यक्तीहरुको आयआर्जन क्षमतामा बृद्धि गर्न बाख्रा वितरण, बाल सञ्जाल, किशोरी सञ्जाल, एकल महिला सञ्जालहरुको गठन, HIV/ AIDS पिडीत लाई खाद्यान्न सहयोग, ७५ जना लैङ्गिक हिंसा पीडितलाइ आर्थिक सहयोग, लैङ्गिक हिंसामा परेका ५४७ जनाको केस पहिचान भयको र सम्बन्धित निकायमा पठाएको र मनोसामाजिक परामर्श प्रदान, लैङ्गिक हिंसाको बारेमा जनचेतना मुलक कार्यक्रम सञ्चालन गरी जनचेतना अभिवृद्धि गरीएको, महिला उद्यमी अन्तर्गत अचार उद्योग र दुनाटपरी उद्योग संचालन र सिलाई कटाई सेन्टर स्थापना गरेको छ ।

१८. विद्यालय पूर्वाधार विकासका लागि खाजाघर स्थापना, ICT ल्याव, विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गरीएको, दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उपजमा आधारित वनाइएको छ ।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिकाले "श्रमको सम्मान राष्ट्रको अभियान" कार्यक्रम संचालन गरी नगरपालिकाको वडा नं. १ देखि १४ वडाका जम्मा ९३ जना व्यक्तिलाई १०० दिन रोजगारी उपलब्ध गराइएको छ ।सडक मर्मत समूह परिचालन मार्फत ३२ जनालाई १२० दिन बराबरको रोजगारी प्रदान गरीएको छ ।

२०. पशु विकास कार्यक्रमलाई प्रवद्धन गर्न नगरका ७ जना भैसी पालक कृषकलाई अनुदान, बाख्रा पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत ९ जना कृषकलाई खोर सुधार, लम्पी स्किन महामारी नियन्त्रणका लागि घुम्ती सेवा मार्फत ६ हजार गाईगोरुलाई उपचार सेवा र कृषकलाई खोप सेवा प्रदान गरीएको छ । ८ हजार पशुहरुमा PPR खोप सेवा प्रदान गरीएको छ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

२१. कृषि उत्पादनमा महिला सशक्तीकरण कार्यक्रममा अन्तर्गत १० जना महिला कृषक छनौटगरी बिउ बिजन वितरण गरीएको छ ।१४४ जना कृषकलाई मौसमी तथा बेमौसमी तरकारी खेती तालिम प्रदान, रैथाने बाली संरक्षण तथा प्रबर्धन सम्बन्धी रेडियो कार्यक्रम, मसला बाली प्रवर्धन अन्तर्गत ५ जना कृषकले प्रोत्सहान अनुदान पाएका छन। व्यवसायिक च्याउ खेती प्रवर्धन कार्यक्रम अन्तर्गत ६ जना कृषकलाई च्याउ खेती प्रवर्धनमा ५० प्रतिशत रकम अनुदान प्रदान गरीयो गरीएको र GPS प्रविधिको प्रयोग गरी नगर क्षेत्रका १३५ ठाउको माटोको नमूना संकलन गरी परीक्षण गरीएको छ ।

२२. चालु आर्थिक वर्षमा ३३ बटा कृषक समूह दर्ता, हिउँदे र वर्षे तकारी बिउ वितरण कार्यक्रम अन्तर्गत ५० % अनुदानमा ३१८ जना कृषक लाभान्वित भएका छन, ९६ जना कृषकहरु लाइ आलु को बिउ वितरण, १५६० जना कृषकलाई तरकारी मिनिकिट वितरण, २१ जना कृषकलाई, ९ बटा फलामे टनेल वितरण गरीएको छ । १ आलु पकेट संचालन गरीएको छ ।

२३. उद्यम विकास कार्यक्रम तर्फ वडा नं.१, मा दुना टपरी बनाउने उद्यम विकास सहजीकरण केन्द्र निर्माण भएको छ ।

सभाध्यक्ष महोदय,

अब म, बजेट प्रणालीमा देखिएका मुख्य चुनौती प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२४. वर्षेनि नगरपालिकाको अनुदान, राजस्व बाँडफाँड मार्फत प्राप्त हुने रकम कटौतीमा परि नगरपालिकाको स्रोत व्यवस्थापनमा देखा पर्ने चाप, विनियोजन दक्षताको कमी र आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण हुन नसकदा पूँजीगत खर्चलाई उपलब्धिमूलक र पूँजी निर्माणका क्षेत्रमा परिचालन गर्न सकिएको छैन ।

पदम बहादुर बोहरा
नगर प्रमुख

२५. आन्तरिक राजस्व परिचालन अपेक्षित रुपमा हुन नसक्दा आन्तरिक आम्दानीको श्रोतको सीमितता, पालिकामा न्यून आर्थिक गतिविधि तथा वित्तीय अनुशासनलाई प्रभावकारी बनाउन चुनौतीका रुपमा रहेको छ।

सभाध्यक्ष महोदय,

आर्थिक वर्ष २०८२।८३ को बजेटका उद्येश्य:

१. बजेटलाई संघीय र प्रादेशिक नीति तथा प्राथमिकता, दिगो विकास लक्ष्य प्राप्ती र स्थानीय जनताको हित अभिवृद्धिमा केन्दीत गर्ने ।

२. स्थानीय श्रम, सीप, स्रोत साधन परिचालन गरी उद्यमशिलता विकास, रोजगारीको सृजना गर्दै गरीबी न्यूनीकरणको लागि जनसहभागीता वढाउन सामाजिक, आर्थिक, वातावरणीय विकास कार्यलाई जोड दिने।

३. बजेट उत्पादन मुलक क्षेत्रमा केन्द्रित गरी उत्पादन र उत्पादकत्व अभिवृद्धीको लागि दिगो, गुणस्तरिय पूर्वाधार निर्माणमा जोड दिने ।

४. नगर भित्रका व्यापारिक क्षेत्र, कृषि पकेट क्षेत्र, ऐतिहासिक धार्मिक क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा व्यवस्थित गरी आर्थिक क्रियाकलापमा विस्तार गर्ने ।

५. सेवा प्रवाहलाई सरल, सहज बनाउन जवाफदेहिता, पारदर्शीताको प्रवर्द्धनमा विद्युतीय शासन, संस्थागत क्षमता विकास गर्दै नवप्रवर्तन अभिवृद्धी गर्ने ।

२६. अब म आर्थिक वर्ष २०८२।८३ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. दिगो, वातावरणमैत्री, गुणस्तरिय पूर्वाधार निर्माण ।

२. सरल, सहज, पारदर्शि, जनमैत्री सेवा प्रवाह ।

३. व्यावसायीक कृषि मार्फत तरकारी, खाद्यान्न, फलफूल, दुध र मासुजन्य उत्पादनमा वृद्धि ।

४. एकीकृत घुम्ती सेवा, कृषि, पशु र राहत जस्ता सामाजिक संरक्षण तथा सुरक्षाका कार्यक्रमहरु,

५. स्थानीय उत्पादन प्रवर्द्धन, युवा उद्यम विकास तथा रोजगार र सहकारी,

सभाध्यक्ष महोदय,

बजेटले लिएको उद्देश्य हाँसिल गर्न देहायबमोजिम सुधार प्रस्ताव गरेको छु

२७. आगामी वर्ष देखि नगरपालिकालाई बजेट सीमा निर्धारण भए अनुसार वैशाख पन्ध्र गते भित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता नगरसभामा पेश गर्ने व्यवस्था मिलाईनेछ । यसबाट विनियोजन विधेयक सिद्धान्त र प्राथमिकता उपर प्रयास छलफल गरी नगरसभा सदस्यहरुबाट प्राप्त मार्गदर्शन र सुझावका आधारमा यथार्तपरक बजेट तर्जुमा गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

२८. आगामी आर्थिक वर्षको बजेट कार्यन्वयन कार्ययोजना श्रावण मसान्त भित्र नै तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ । कार्ययोजनाको विषयगत समिति, नगर कार्यपालिकाबाट नियमित रुपमा अनुगमन गरीनेछ । स्वीकृत कार्यक्रम कार्यन्वयन गर्ने वडा कार्यलय, विषयगत शाखाले श्रावण मसान्तसम्म कार्यविधि र निर्देशिका तयार गरी लागू गर्नेछन ।

२९. नगरपालिकाका बहुसंख्य जनताले लाभ प्राप्त गर्ने योजना र नगरको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट केन्द्रित अभिवृद्धी गर्दै उत्पादन मूलक लघु उद्योग, कृषि पर्यटन, सहकारी क्षेत्रलाई प्रोत्साहन गरीनेछ ।

३०. श्रोत सुनिश्चितता विना कुनै पनि योजनको सञ्चालन गरीने छैन ।

पदम बहादुर बोहरा
नगर प्रमुख

सभाध्यक्ष महोदय,

अब म, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**संस्थागत विकास तथा कार्यालय संचालन तर्फः**

३१. आर्थिक वर्ष २०८२।८३ को दैनिक कार्यालय संचालन र प्रशासनिक कार्यका लागी रु ९करोड ८४ लाख ९७ हजार बजेट विनियोजन गरेकी छु।

३२. संस्थागत तथा सुशासन क्षेत्रको विकासका लागी विद्युतीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयनका साथै स्मार्ट पालिका निर्माणका लागि इन्टरनेट सेवाका लागि रु.२५ लाख विनियोजन गरेको छु ।कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यलाई उच्च प्राथमिकतामा राखि क्षमता विकास कार्यक्रय संचालनको लागि आवश्यक बजेटको व्यवास्था गरेकी छु ।

३३. स्थानीय सरकार संचालन ऐनले दिएको अधिकार अनुसार न्याय सम्पादन, मेलमिलाप कार्य मार्फत समाजमा रहेको शान्ति अमन चयन गर्दै नगरपालिकाको न्यायीक समिति र सो को कार्य व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु । कानूनको समयसापेक्ष परिमार्जन र संशोधन र निर्माण गर्ने, कार्यको निरन्तरता दिदै पालिकाको कानूनी व्यवस्थालाई सहजीकरण गर्ने कार्यमा जोड दिएकोछु ।

३४. नगर विकासमा सरकारी, निजि क्षेत्र, सहकारी तथा गैर सरकारी संघ संस्था जस्ता साझेदार निकाय मार्फत सीप विकास, उत्पादन वृद्धी, सामाजिक सचेतना अभिवृद्धी कार्यक्रम सञ्चालन गर्न साझेदारी कार्यक्रका लागि रु.२३ लाख बजेट विनियोजन गरेकीछु ।

३५. हरितसीप, हरित मानसिकता हरित रोजगार कार्यक्रम अन्तर्गत निजी तथा सामुदायी वन प्रवर्धन कार्यक्रम, जंगली जनावरका कारणले बाँझो रहन गएका जमिनमा अदुवा, फलफूल प्रवर्धन, डालेघाँस नर्सरी स्थापना कार्यका लागि वजेटको व्यवस्था गरेकीछु।

३६. परम्परागत सीप संरक्षण, यूवा क्लव गठन तथा संचालन कार्यक्रमका लागि आवश्यक बजेटको व्यावस्था गरेकी छु ।

३७. प्राकृतिक तथा मानवीय कारणले उत्पन्न हुन सक्ने विभिन्न विपद जोखिम न्यूनीकरण, रोकथाम तथा पुनःस्थापना कार्यका लागि रु १५ लाख विनियोजन र विपद् व्यवस्थापन कोष स्थापना गरी रु.८ लाखको कोष खडा गरेकी छु ।

३८. नगरपालिका मार्फत प्रवाह हुने सेवालाई नागरीक समक्ष पुर्याउन विभिन्न संचारमाध्यमहरुको उपयुक्त प्रयोगका लागि संचार माध्यमसँग अन्तरक्रिया, सहकार्य र समन्वय, सूचना तथा विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित गर्दै शासन सञ्चालनमा पारदर्शिता, जवाफदेहिता कायम गर्न सूचना प्रकासन तथा प्रसारणका लागि रु १२ लाख विनियोजन गरेकी छु ।

## सामाजिक विकास तर्फः

शिक्षा युवा तथा खेलकुद

३९. गुणस्तरीय शिक्षा आजको आवस्यकता अनुसार नगर शिक्षक, बाल विकास केन्द्र सहजकर्ताहरु र विद्यालय कर्मचारीहरुको थप तलब र अनुदान कार्यक्रमलाई निरन्तरताका लागि बजेट विनियोजन गरेकी छु

४०. नगरपालिकामा संचालित अछाम बहुमुखी क्याम्पस र कैलाश बहुमुखी क्याम्पसको शैक्षणिक कार्य सुधारका लागि अनुदानको व्यवस्था गरेको छु ।

४१. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण तथा छपाई, एकीकृत शैक्षिक सूचना तथा व्यावस्थापन प्रणाली सम्बन्धी प्र.अ.तथा IT Focal शिक्षक, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको निरन्तरताको लागि बजेटको व्यवस्थापन गरेकी छु ।

४२. राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद अन्तर्गत युवा तथा खेलकुद कार्यक्रमको लागि रु.२० लाख बजेट विनियोजन गरेकी छु ।

४३. स्थानीय भाषा, कला, संस्कृतीको संरक्षण एवम् सम्वर्द्धन गर्ने परम्परागत सीप विकास कार्यक्रम निरन्तरताको लागि बजेटको व्यवस्था मिलाईएको छ । यूवा नेतृत्व विकास तथा लागु औषध नियन्त्रण कार्यक्रम संञ्चालनको लागि रु २

पदम बहादुर बोहरा
नगर प्रमुख

लाख गरी शिक्षा युवा तथा खेलकुदका लागि २ करोड ९ लाख ४४ हजार विनियोजन गरेकी छु ।

स्वास्थ्यः

४४. गर्भवति संग उप प्रमुख कार्यक्रम तथा आकस्मिक अवस्थाका गर्भवति तथा सुत्केरी प्रेषण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

४५. नागरीकको रक्त समुह पहिचान कार्यक्रम, आङ खस्ने तथा VIA शिविर, महिला स्वास्थ्य स्वयम् सेविका अवकास कोष, स्वास्थ्यकर्मिको क्षमता अभिवृद्दी तथा प्रोत्साहन, मानसिक स्वास्थ्य सम्वन्धि जनचेतनामुलक कार्यक्रममा बजेटको व्यवस्था गरेकी छु ।

४६. वहुक्षेत्री पोषण कार्यक्रम, महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रमको निरन्तरता दिदै, स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री संस्था स्थानाका लागि विभिन्न संस्थाको लागत साझेदारीमा कार्यक्रम सञ्चालनको व्यवस्था गरेकी छु ।

४७. नगरपालिका भित्र रहेका १७ वटा स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीको अभाव हुन नदिन जनशक्ती व्यवस्थापनको लागि रु.१ करोड १० लाख र औषधी खरिदको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

महिला स्वास्थ्य स्वयं सेविका प्रोत्सहान कार्यक्रमलाई निरन्तरताको लागि रु.५ लाख ८५ हजार गरी स्वास्थ्य तर्फ रु. १ करोड ४० लाख ५० हजार विनियोजन गरेकी छु ।

महिला, बालबालिका तथा जेष्ट नागरीक तर्फः

४८. किशोरी संग उप-प्रमुख कार्यक्रम अन्तरगत बालविवाह न्यूनीकरण गर्न विद्यालय विमुख किशोरी कार्यक्रम, सामाजिक रुपान्तरण कक्षा सञ्चालनको लागि बजेटको व्यवस्था गरेकी छु ।

पदम बहादुर बोहरा
नगर प्रमुख

४९. लैङ्गिक हिंशा न्यूनिकरणका लागि परिवारका सदस्यहरूलाई लैङ्गिक हिंसा सम्बन्धी अभिमुखीकरण कार्यक्रम, लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा संचालन, लैङ्गिक हिंसामा परेका महिलाहरूलाई सेवा परामर्श उपचार यातायात सहयोग जस्ता कार्यक्रम संचालनको लागि बजेटको व्यवस्थापन गरेकी छु । लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि विभिन्न संघ संस्थाहरु संग साझेदारी गरी मनोपरामर्श, कानूनी सहायता, पुनःसामाजिकीकरणको कार्यक्रमहलाई निरन्तरता दिएकी छु ।

५०. अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, विपन्न तथा बन्चितीकरणमा परेका महिला, एचआईभि पीडित हरुलाई आर्थिक सहयोग, सीप विकास तालिम, वीउपूजी अनुदान जस्ता कार्यक्रमहरु संचालन गरी क्षमता विकास तथा आर्थिक सशक्तिकरणका लागि बजेटको व्यवस्था मिलाएकी छु ।

५१. वालमैत्री स्थानीय शासनको स्थापनाको लागि वाल सञ्जाल गठन, पूनःगठन गरी बालवालिकाका क्षमता अभिवृद्धिको कार्यक्रमलाई निरन्तरता दिंदै महिला, बालबालिका तथा जेष्ट नागरीक तर्फ रु. १७ लाख २५ हजार विनियोजन गरेकी छु ।

## आर्थिक विकास

कृषि तथा पशुपंक्षी विकास तर्फ

५२. जहाँ सिचाई त्यहाँ उत्पादनमा वृद्धि र कमाई अन्तरगत साना सिचाँई पूर्वाधार निर्माण/मर्मत कार्यक्रम निरन्तरताका लागि रु. १० लाख बजेट विनियोजन गरेकी छु । संघ तथा प्रदेश सरकारको लागत साझेदारी रहने गरी ठुला सिचाँई कार्यक्रम अन्तर्गत सिचाँइकुलो तथा पोखरी निर्माण गरीने छ ।

५३. नगरपालिकालाई तरकारी तथा फलफुलमा आत्मनिर्भर तर्फ लैजान व्यावसायिक रुपमा तरकारी खेती ,मसला वाली प्रवर्धन कार्यक्रम, फलफूल पकेट प्रवधर्न कार्यक्रम, घर बगैंचा विकास कार्यक्रम जस्ता कार्यक्रमहरु

पदम बहादुर बोहरा
नगर प्रमुख

कृषकको ५० प्रतिशत लागत सहभागिता रहने गरी बजेटको व्यवस्था मिलाएकी छु ।

५४. सामाजिक रुपमा पछाडी परेका र आय आर्जन क्षमता वृद्धि गर्न स्थानीय प्रजातीका कुखुरा, उन्नत जातका बाख्रा, भैसी प्रवर्धन कार्यक्रम सञ्चालनका लागि बजेटको व्यवस्था गरेकी छु । पशुपंक्षीमा हुने विभिन्न रोगहरुको परीक्षण, रोकथाम र नियन्त्रण गर्न पशुपंक्षी उपचार सेवा कार्यक्रमलाई निरन्तरता दिएकी छु । गुणस्तरिय पशुपंक्षी उपचार सेवा प्रदान गर्न पशु सेवा प्राविधिकहरुको दक्षता अभिवृद्धी कार्यक्रम संचालनको लागि आवस्यक बजेट व्यवस्था गरेकी छु ।

५५. कृषि विकास तथा पशु विकासको लागि कृषि तर्फ रु.३० लाख र पशु विकासको लागि रु. २४ लाख बजेट विनियोजन गरेकी छु ।

पूर्वाधार विकासः

५६. पालिका केन्द्र जोड्ने कालोपत्रे सडकका लागि संघीय सरकारको समपुरक अनुदान साझेदारी सहित रु १ करोड ७९ लाख रकम विनियोजन गरेकी छु । अछाम क्याम्पस देखि मुख्य बजार जोड्ने पक्की सडकको निर्माणको लागि रु.३० लाख विनियोजन गरेकी छु ।

५७. मंगलसेन वृहत खेलमैदान निर्माणको लागि प्रदेश सरकारको समपुरक अनुदान साझेदारी सहित रु ४५ लाख रकम विनियोजन गरेकी छु ।

५८. नगरपालिकालाई स्वच्छ, सफा बनाउन फोहोरमैला तथा ढल व्यवस्थापन संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गर्दै विभिन्न संघ संस्थाहरु संगको साझेदारीमा कार्यक्रम सञ्चालनका लागि रु.५ लाख र फोहोरमैला विसर्जन स्थल पूर्वाधार निर्माणका लागि प्रदेश विशेष योजना अन्तर्गत रु.३५ लाख बजेट विनियोजन गरीएको छ।

५९. आगामी २ वर्ष भित्र एक घर एक धारा भन्ने नीतिलाई सार्थकता दिन खानेपानी मर्मत तथा साझेदारीको लागि रु.८० लाख विनियोजन गरेकी छु ।

पदम बहादुर बोहरा
नगर प्रमुख

६०. नगर भित्रका सडक सरसफाई तथा मर्मत कार्यलाई निरन्तरता दिन सडक बोर्ड साझेदारी तथ सरसफाई कार्यक्रमलाई निरन्तरता दिएकी छु ।

६१. कृषि तथा पशु सेवालाई प्रभावकारी तथा एकीकृत सेवा व्यवस्थापनको लागि सेवा केन्द्र स्थापना गरी सञ्चालन गर्न रु.१५ लाख विनियोजन गरेकी छु ।

६२. कृषि उपजलाई वृद्धि गर्न संघीय सरकारको विशेष अनुदान मार्फत कार्यान्वयन हुने गरी नगरपालिका भित्र स-सना सिँचाइ पूर्वाधार निर्माणकालागि रु.६८ लाख विनियोजन गरीएको छ ।

६३. सेवा प्रवाहलाई व्यवस्थित गर्न आफ्नै भवनबाट सेवा प्रवाह गर्नु पर्छ भन्ने नगरपालिकाको नीति अनुसार वडा नं.१० को वडा कार्यालय भवन निर्माणका लागि बजेट व्यवस्था गरेकी छु ।

सभाध्यक्ष महोदय,

अब म, आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट विनियोजनका लागि प्राप्त भएका स्रोतहरुको आधारलिई नगरपालिकाको आय-व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आर्थिक वर्ष २०८२।८३ को आय-व्यय विवरण

आय अनुमान

| क्र.सं | आम्दानीका स्रोत | रकम रु. |
|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त अनुदान | ४२ करोड ७० लाख |
| १.१ | वित्तीय समानीकरण अनुदान | १०करोड ६७ लाख |
| १.२ | सशर्त अनुदान | ३० करोड ३१ लाख |
| १.३ | विशेष अनुदान | ६८ लाख |
| १.४ | समपुरक अनुदान | १ करोड ४ लाख |
| २ | सुदूरपश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान | २ करोड २३ लाख ६८ हजार |
| २.१ | वित्तीय समानीकरण अनुदान | ९८ लाख ६८ हजार |
| २.२ | सशर्त अनुदान | ४० लाख |
| २.३ | विशेष अनुदान | ६५ लाख |
| २.४ | समपुरक अनुदान | २० लाख |
| ३ | राजस्व बाँडफाडबाट प्राप्त रकम | १० करोड ३५ लाख ७४ हजार |
| ३.१ | संघीय सरकारबाट प्राप्त राजस्व बाँडफाँड | ९ करोड ८१ लाख |
| ३.२ | सवारी साधन करबाट प्राप्त रकम | ५४ लाख ७४ हजार |
| ४ | आन्तरिक स्रोत | १ करोड ५९ लाख ६४ हजार |
| ४.१ | आन्तरिक राजस्व परिचालन | १ करोड |
| ४.२ | बैंक मौज्दात अ.ल्या. | ५९ लाख ६४ हजार |
| कुलआय | | ५६ करोड ८९ लाख ६ हजार |

पदम बहादुर बोहरा
नगर प्रमुख

व्यय तर्फ

| क.सं. | व्यय | रकम रु. |
|---|---|---|
| १. | साधारण तथा प्रशासनिक तर्फ | ९ करोड ८४ लाख ९७ हजार |
| २. | ससर्त अनुदान चालु | ३० करोड |
| ३. | विकास बजेट( न.पा.,संघीय हस्तान्तरित, प्रदेश हस्तान्तरित समेत) | १६ करोड ४४ लाख ४५ हजार |
| | जम्मा | ५६ करोड २९ लाख ४२ हजार |
| १. | कार्यालय संचालन तथा प्रशासनिक | ९ करोड ८४ लाख ९७ हजार |
| २ | संस्थागत विकास | १ करोड ५५ लाख ९० हजार |
| ३ | पूर्वाधार विकास | ४ करोड ९९ लाख |
| ४ | कृषि विकास शाखा | ३० लाख |
| ५ | पशु विकास शाखा | २४ लाख |
| ६ | महिलाबालबालिका तथा ज्येष्ठ नागरीक | १७ लाख २५ हजार |
| ७ | शिक्षा शाखा तर्फ | २ करोड ९ लाख ४४ हजार |
| ८ | स्वास्थ्य शाखा तर्फ | १ करोड ४० लाख ५० हजार |
| ९ | वडा नं.१ | २४ लाख |
| १० | वडा नं.२ | १० लाख |
| ११ | वडा नं.३ | २६ लाख |
| १२ | वडा नं.४ | २३ लाख |
| १३ | वडा नं.५ | २६ लाख |
| १४ | वडा नं.६ | १८ लाख |
| १५ | वडा नं.७ | १९ लाख |
| १६ | वडा नं.८ | १७ लाख |
| १७ | वडा नं. ९ | १८ लाख |
| १८ | वडा नं. १० | १७ लाख |
| १९ | वडा नं. ११ | १७ लाख |
| २० | वडा नं. १२ | २७ लाख |
| २१ | वडा नं. १३ | ३० लाख |
| २२ | वडा नं. १४ | २८ लाख |
| २३ | संघीय ससर्त अनुदान | ३० करोड ३१ लाख |
| २४ | संघीय विशेष अनुदान साना सिचाँइ पूर्वाधार | ६८ लाख |
| २५ | संघीय समपुरक अनुदान रेडकस पालिका सडक कालोपत्रे | १ करोड ४ लाख |
| २६ | प्रदेश ससर्त अनुदान | ४० लाख |
| २७ | प्रदेश विशेष अनुदान | |
| | खालगडा सुवाखेत सिचाई कुलो वडा नं.९ | ३० लाख |
| | डम्पिङ्ग साईड पूर्वाधार निर्माण वडा नं.६ | ३५ लाख |
| २८ | प्रदेश समपुरक अनुदान | |
| | मंगलसेन खेलमैदान पूर्वाधार निर्माण | २० लाख |
| | जम्मा | ५६ करोड ८९ लाख ०६ हजार |

पदम बहादुर बोहरा
नगर प्रमुख

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८२।८३ मा यस नगर क्षेत्र भित्र कार्यक्रम संचालन गर्नको लागि विभिन्न संघ संस्थाहरुले प्रस्ताव गरेको कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

६४. HIV हेरचाह तथा सहयोग कार्यक्रम, HIV टि.बि. परियोजना र POWER4AY परियोजना सञ्चालनको लागि वाक (WAC) नेपाल मार्फत नगरपालिकामा कार्यान्वयनको लागि प्रस्ताव प्राप्त भएको छ ।

६५. खानेपानीको दिगो व्यवस्थापन कार्य संचालन गरी आम नागरीकको स्वच्छ खानेपानी माथिको पहुँचमा बृद्धि गर्न एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम ( हेल्भेटास) संग पूर्ण सरसफाई तथा स्वच्छता सम्बन्धी क्रियाकलापहरु संचलानमा लागत सहभागिता हुने गरी कार्यक्रम प्रस्ताव गरीएको छ ।

६६. विभिन्न संघ संस्था र नगरपालिकाको लागत साझेदारी रहने गरी लैंगिक हिंसा रोकथाम तथा सामाजिक हानिकारक अभ्यासहरु न्यूनीकरण गर्दै हिंसा प्रभावितहरुको जीवन रक्षा, सुरक्षा र सशक्तिकरणको लागि साझेदारीमा कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ ।

सभाध्यक्ष महोदय

अन्त्यमा,

६७. प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, बिषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यू, वडा अध्यक्ष तथा सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यू, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजीवी, नागरीक समाज, संचारकर्मी, विकास साझेदार सरकारी तथा गैर सरकारी संघ संस्थाहरु र समआदरणीय नगरवासीहरु प्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद

पदम बहादुर बोहरा
नगर प्रमुख

२०८२ साल असार ९ गते सोमबार ।

अनुसूची

| शीर्षक | | आ.व.२०८०।८१ को यथार्त | आ.व.२०८१।८२ को संशोधित अनुमान | आ.व.२०८२।८३ अनुमान |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ८२६४ | ९००० | १०००० |
| ११३१३ | सम्पत्ति कर | १३१८ | १३०० | १३०० |
| ११३२१ | घर बहाल कर | १२०० | ७५० | ७५० |
| १४६११ | व्यवसाय कर | ७६७ | ९०० | ९०० |
| ११९३१ | सरकारी सम्पत्ति बहालबाट प्राप्त आय | ८५० | २४०० | २४०० |
| १४२४२ | नक्सापास दस्तुर | ८८ | ५५० | ५५० |
| १४२४३ | सिफारिस दस्तुर | ९७८ | ७०० | ७०० |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ७९२ | ४०० | ४०० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ९४५ | ४५ | ४५ |
| १४२४९ | अन्य दस्तुर | १०१६ | १९०० | २४०० |
| १५१११ | बेरुजु | २७७ | ० | ५०० |
| १४२२४ | परीक्षा शुल्क | ३३ | ५५ | ५५ |
| १.१ | बैंक मौज्दात | ४१४८९ | ३०४०० | ५९६४ |
| २ | संघीय सरकारबाट प्राप्त हुने अनुदान | ३८११८८ | ४३८६८८ | ४२०००० |
| १३३११ | समानीकरण अनुदान संघीय | १०००६८ | १०५८०० | १०६७०० |
| २६३३२ | ससर्त अनुदान | २७६५९१ | ३१३३८८ | ३०३१०० |
| २६३३३ | विशेष अनुदान | ० | ९००० | ६८०० |
| २६३३४ | समपुरक अनुदान | ४५२९ | १०५०० | १०४०० |
| ३ | सुदुर पश्चिम प्रदेश सरकारबाट प्राप्त अनुदान | १९४३३ | ३२४८० | २२३६८ |
| १३३११ | समानीकरण अनुदान सुदुरपश्चिम प्रदेश सरकार | ८९७९ | ९४३० | ९८६८ |
| २६३३२ | ससर्त अनुदान | ५४५३ | १२५५० | ४००० |
| २६३३३ | विशेष अनुदान | ५००१ | ८००० | ६५०० |
| २६३३४ | समपुरक अनुदान | ० | २५०० | २००० |
| ४ | राजस्व बाँडफाँड | १०५९३५. | १३०५७७ | १०३५७४ |
| ११४११ | संघीय राजस्व बाँडफाँड | ९९४१६. | १२४३०० | ९८१०० |
| ११४५६ | सवारी साधन कर प्रदेश सरकारबाट प्राप्त | ६५१९. | ६२७७ | ५४७४ |
| जम्मा | | ५५६३०९. | ६४११४५.०० | ५६८९०६ |

## व्यय तर्फको अनुमान

### व्यय

| | | | | |
|---|---|---|---|---|
| १ | चालु खर्च | ४२५८९७.०० | ४८६२४३.०० | ४६५३०० |
| २ | पुजिगत खर्च | १०००१२.०० | १५४९०२ | १०३५३६ |
| ३ | बैंक मौज्दात | ३०४०० | | |
| जम्मा | | ५५६३०९. | ६४११४५.०० | ५६८९०६. |